फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

## सूची दर्ता गराउने सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मिति : २०७८।०५।१८

यस कार्यालयका लागि आ.ब.२०७८/०७९ मा आबश्यक पर्ने तपशिल बमोजिमका सामान तथा सेवाहरु खरिद गर्न सार्वजनिक खरिद ऐन २०६३ को (क) तथा फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १९ मा भएको ब्यबस्था बमोजिम मौजुदा सूची (स्ट्याण्डिङ लिस्ट) अध्याबधिक गर्ने प्रयोजनका लागि यो सुचना प्रकाशित गरिएको छ । इच्छुक ब्याक्ति/संस्था/फर्म वा कम्पनीहरु बाट तपशिलमा उल्लेखित कागजात सहित सार्वजनिक खरिद नियमावलीको अनुसूची ४ बमोजिमको ढाँचामा यस कार्यालय रीतपूर्वकको निवेदन दिनुहुन जानकारी गराइन्छ ।

**तपशिल**

१.कार्यालय सम्बन्धी स्टेशनरी सामान, छपाई, फोटोकपी, पत्रपत्रिका तथा पुस्तकहरु आदिको आपुर्ति कार्य ।

२.पेट्रोलियम पदार्थ तथा लुब्रिकेटको आपुर्ति सम्बन्धि कार्य ।

३.मर्मत सम्बन्धि (फर्निचर, सवारी साधन, मोटरसाइकल, पार्टपुर्जा, मेसीनरी औजार, उपकरणहरु)

४.फर्निचर र फर्निसीङ सम्बन्धी बिबिध सामान ।

५.कम्प्युटर, प्रिन्टर, फ्याक्स, यु.पि.एस., जेनेरेटर, सोलार, हिटर, चिम, तार, बिद्युतीय उपकरण तथा बिद्युतीकरणको सामाग्रीको आपुर्ति तथा मर्मत सम्बन्धी कार्य ।

६.निर्माण, मर्मत सम्भार तथा रङ्गरोगन सम्बन्धि कार्य ।

७.खाना, खाजा, चिया, पानी आपुर्ति सम्बन्धि कार्य ।

८.औषधी तथा औषधीजन्य सामाग्री (मानव स्वास्थ्य, पशुजन्य, कृषिजन्य) आपुर्ति कार्य ।

९.बिज्ञापन, शुभकामना, सुचना प्रकाशन र प्रशारण सम्बन्धी कार्य ।

१०.अध्ययन/अनुसन्धान/परामर्श सेवा प्रदायक/तालिम/गोष्ठी लगायतका कार्यक्रम संचालन गर्नका लागि आबश्यक सेवा सम्बन्धी कार्य ।

११.कर्मचारी पोशाक, अन्य कपडा तथा सिलाई सम्बन्धी कार्य ।

१२.बिभिन्न ब्राण्डका सवारी साधन खरिद, मर्मत तथा स्पेयर पार्टस सम्बन्धी कार्य ।

१३.बिभिन्न बिषयसँग सम्बन्धित अध्ययन अनुसन्धान, बृत्तचित्र, सफ्टवेयर, निर्माण मर्मत तथा आपुर्ति, सुचना प्रबिधि सम्बन्धी र कार्यालयका लागि आबश्यक अन्य कार्यहरु ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**

१.संस्था वा फर्म दर्ता प्रमाण पत्र एंव नवीकरण गरेको ब्यबसायिक इजाजत पत्र ।

२.स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र ।

३.आ.ब.२०७७/०७८ को कर चुक्ता प्रमाण पत्र ।

४.आबश्यकता अनुसारको ब्यबसायिक इजाजतपत्र ।

नोट : सुचिकृत मध्येबाट कार्यालयका लागि चाहिने आबश्यकता अनुसारका सामाग्रीहरु कार्यालयले नियमानुसार खरिद गर्न सक्नेछ । सुचिकृत भएका सबै बिक्रेता एवं सप्लायर्सबाट सामान खरिद एवं सेवा लिन कार्यालय बाध्य हुने छैन ।

प्रमुख प्रशासकीय अधिकृत